२०८१ साल माघ ८ गते तदनुसार January 21, 2025 मंगलबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. गाउँसभाको हिउँद अधिवेशनको बजेट सिलिङ सम्बन्धमा ।

२. नागरिक आरोग्य सेवा केन्द्र दैनिक ज्यालादारी कर्मचारी नियुक्ति सम्बन्धमा ।

बैठकका निर्णयहरुः

निर्णय नं.१: यस गाउँपालिकाको दोस्रो गाउँसभाको १६ औं अधिवेशन/हिउँदे अधिवेशन यही मिति २०८१ साल माघ १३ गते आइतवारदेखि बस्ने निर्णय भएको हुँदा उक्त सभामा गत आ.व.को बैंक मौज्दात रकम रु.७३ लाख ६२ हजार ९ सय १२ को योजना तथा कार्यक्रम आगामी कार्यपालिका बैठकले निर्णय गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२: यस गाउँपालिकामा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रमा दैनिक ज्यालादारी कर्मचारीको लागि बजेट विनियोजन भएको तथा २०८१ भदौ १३ गतेदेखी कात्तिक मसान्तसम्म वडा नं. ६ निवासी प्रिति राईलाई ५ नं. वडा कार्यालयको सिफारिस र आरोग्य केन्द्रको प्रमाणित दैनिक हाजिरीको आधारमा दैनिक ज्याला भुक्तानी भएको खर्चको अनुमोदन गर्ने तथा २०८१ मंसिर १ गतेदेखी लागुहुने गरी सोही वडा निवासी प्रमिला राईलाई दैनिक ज्यालादारी कर्मचारीको रुपमा राख्ने निर्णय गरियो ।